# प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## प्रदेश नम्बर ५ ,बुटवल ,रुपन्देही

**शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा /प्रमाणपत्र तहको वर्गीकृत निःशुल्क छात्रवृत्तिको वैकल्पिक तथा उतीर्ण सूचीमा रहेका परिक्षार्थीहरु अध्ययन गर्ने सिफारिस भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धि अत्यन्त जरुरी सुचना |**

**पाचौं पटक प्रकाशित मितिः २०७६/०९/०७**

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय द्धारा मिति २०७६/०४/१८ गते बिहान ७.०० बजे देखि संचालन भएको डिप्लोमा /प्रमाणपत्र तर्फको वर्गीकृत निःशुल्क छात्रवृत्तिका लागि संचालित प्रवेश परिक्षामा सामेल भई उत्तीर्ण भएका मुख्य परीक्षार्थीहरु तोकिएको समयमा भर्ना नभई रिक्त हुन गएका कोटाहरूमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परिक्षा संचालन, छात्रवृति वितरण एंव भर्ना सम्बन्धि निर्देशिका २०७४(दोस्रो शंसोधन) मा उल्लेख भए बमोजिम परीक्षा नियन्त्रण कार्यालयको मिति २०७६/०५/२१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार प्राप्त हुन आएका विवरण बमोजिम रिक्त रहेका र शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा /प्रमाणपत्र तह संचालन गर्न स्वीकृति पाएका सामुदायिक विधालयमा प्राविधिक शिक्षा (टेक्स) शिक्षण संस्थाहरुको रिक्त कोटाहरूमा मिति २०७६/०९/०७ गतेको निर्णयानुसार वैकल्पिक तथा उत्तीर्ण सुचि मध्येबाट योग्यता क्रमानुसार यस प्रदेश अन्तर्गतका उल्लेखित संस्थाहरुमा आवश्यक कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु र प्रवेश पत्रको प्रतिलिपि ) सहित यो सुचना प्रकाशित भएको मितिले ७ दिन (२०७६/०९/१३ गते ) भित्र भर्ना हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ | साथै नतिजाको विवरण परिषद्को वेबसाइट **WWW.ctevt.org.np** र प्रदेश कार्यालयको वेबसाइट **WWW.ctevtp5.org.np** मा प्रकाशित गरिएको छ|

उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा सम्बन्धित शिक्षण संस्थाहरुले रिक्त रहेको कार्यक्रम र परीक्षार्थीहरुको नाम ,थर समेत उल्लेख गरि यस कार्यालयलाई अनिवार्य रुपमा भर्ना म्याद सकिएको ३ दिन भित्र **ctevtprovince5@gmail.com** मा पत्र पठाउन हुन समेत यसै सूचना द्धारा जानकारी गराइन्छ |

**निर्देशक**